दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २५१ | बुटवल | २०८२ भदौं २१ गते, शनिबार | नेपाल संवत ११४५ | Saturday September 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# नगरले भत्कायो अतिक्रमित संरचना

नवलपरासी । पश्चिम नवलपरासीको रामग्राम नगरपालिकाले सदरमुकामको हाटबजार क्षेत्रमा अतिक्रमण गरी बनाइएका संरचना भत्काएको छ । परासीस्थित वडा नम्बर २ को हाटबजार क्षेत्रमा अतिक्रमण भएको भन्दै संरचना हटाएको हो ।

नगरपालिकाले डोजर प्रयोग गरी १५ घर-टहरा र पर्खाल भत्काएको वडाध्यक्ष निरज रौनियारले जानकारी दिए ।

वडा कार्यालयले सात दिने सूचना जारी गर्दा पनि अतिक्रमण नहटाएपछि कारबाही गरिएको नगरपालिकाले जनाएको छ ।

पूर्व नगरप्रमुख नरेन्द्र गुप्ताको घरको वालसहित, स्थानीय शैलेन्द्र कुमार गुप्ता, बृजेश कहार, तैअव अलि, कमरुद्धिन मियाँ, घनश्याम कहाँर नाथु धोव, सरिता हरिजन, अमिन अलि धुनिया, जालिम अलि धुनिया, निजामुद्धिन कुरेसी, राम परिखन धोवी, अनारी अन्सारी, पवनकुमार चमार, फिरोज कुरेसी, नथई डोमले अतिक्रमण गरेको भन्दै नगरपालिकाले संरचना हटाउन १५ दिन अगाडि सूचना जारी गरेको थियो । तर अतिक्रमण गरी बनाएका संरचना नहटाएपछि नगरपालिकाले आफ्नै जनशक्ति लगाएर संरचना भत्काएको जनाएको छ ।

उक्त क्षेत्रमा बनेका दुईवटा पक्की र अन्य टिन तथा खपडाले छाएका कच्ची घरसहित केहीको बाउन्ड्रीवाल पनि भत्काइएको हो ।

घर-टहरा भत्काइएकामध्ये केहीको आफ्नै जग्गा नभएकाले तत्कालका लागि नगरपालिकाले वैकल्पिक व्यवस्था गर्ने जनाएको छ । हाटबजार क्षेत्रमा बढ्दो चापका कारण साप्ताहिक हाटबजार लागेको समयमा सवारी पार्किङ् निर्माण गर्न, सौन्दर्यकरणलगायतका कार्य गर्नका लागि अतिक्रमित संरचना हटाएको नगरपालिकाले जनाएको छ ।

रामग्राम नगरपालिकाले यसभन्दा अघि पनि वडा नम्बर ३ मा निर्माण गरिएका संरचना हटाएको थियो ।

# प्रधानमन्त्रीको सचिवालयबाटै सरकारी निर्णय उल्लंघन

बुटवल । सरकारी निर्णयअनुसार फेसबुक चल्न रोक लागे पनि प्रधानमन्त्रीको सचिवालयले सरकारी निर्णयको उल्लंघन गरेको छ ।

बिहीबार मात्रै सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयले सूचीकृत नभएका २६ वटा सामाजिक सञ्जालहरू चल्न रोक लगाउने निर्णय गरेको थियो । तर प्रधानमन्त्री केपी शर्मा ओलीकै अफिसियल फेसबुक पेज, ह्वाट्सएप ग्रुप शुक्रबारसम्म सक्रिय भइरहेको छ ।

सत्तारुढ दल नेकपा एमालेको विधान महाधिवेशनको अपडेट प्रधानमन्त्रीको सचिवालयले फेसबुक र ह्वाट्सएपबाटै गराएको छ ।

जसको सामाजिक सञ्जालमै विरोध भएको छ । नीति निर्माताहरू नै आफूले गरेको निर्णयमा अडिग नभएको भन्दै आलोचना भएको हो ।

प्रधानमन्त्रीको अफिसियल फेसबुक पेज 'पीए केपी शर्मा ओली सेक्रेटेरियट' र 'बालकोट' मा भएको पछिल्लो पोस्टमा प्रश्न उठाउँदै थप पोस्टहरू भएका छन् ।

एमालेको विधान महाधिवेशन सुरु :

# ७० वर्षे उमेर हद र दुई कार्यकाल हटाइने, केन्द्रीय कमिटी २ सय ५१, पदाधिकारी १५ जना

**महाधिवेशनमा स्थायी कमिटी सदस्य कर्ण थापाले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीमा सक्रिय हुनबाट रोक्न नमिल्ने, ७० वर्षे उमेर हद र कार्यकारी पदमा २ कार्यकाल मात्र रहन पाइने विषयमा राखेको फरक मतमा पनि छलफल हुनेछ ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा (एमाले) को दोस्रो विधान महाधिवेशन ललितपुरमा सुरु भएको छ । महाधिवेशन तीन दिनसम्म चल्नेछ । महाधिवेशनमा राजनीतिक प्रतिवेदन पेश गर्दै पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले समाजवादको आधार निर्माण गर्ने ऐतिहासिक जिम्मेवारी अरु पार्टीबाट पूरा हुन नसक्ने दाबी गरेका छन् ।

यो अभिभारा पूरा गर्न सक्ने एक मात्र राजनीतिक शक्ति एमाले मात्रै भएको उनले बताएका छन् । उनले नेपाली कांग्रेस, माओवादी केन्द्र, मधेसकेन्द्रित दल र राजावादी शक्तिहरू मुलुकलाई स्थायी नेतृत्व दिन अक्षम भइसकेको टिप्पणी गरे ।

कांग्रेसले पटक-पटक जनमत पाउँदा पनि क्रान्तिका उपलब्धि जोगाउन नसकेको उनले बताएका छन् । उनले कांग्रेसले अंगालेको नवउदारवादी नीतिले मुलुकलाई समृद्धिको बाटोमा लैजान असफल भएको बताएका छन् ।

माओवादी केन्द्रबारे उनी कडा रुपमा प्रस्तुत भएका छन् । 'शान्ति प्रक्रियापछि अगाडि सारिएका प्रायः सबै प्रयोग असफल भए । अवसरवाद, अस्थिरता र विभाजनकारी सोंचका कारण माओवादी अब वैचारिक र संगठनात्मक रूपमा निरन्तर क्षयीकरण हुँदै गएको छ ।'-उनले भनेका छन् ।

ओलीले मधेसकेन्द्रित दलहरू, राजावादी समूह र राष्ट्रिय स्वतन्त्र पार्टीसहितका पछिल्ला 'पपुलिस्ट' शक्तिहरू समेत मुलुकको स्थायी विकल्प बन्न नसक्ने भन्दै आलोचना गरे । उनले रास्वपातिर लक्षित गर्दै पपुलिज्म क्षणिक तरङ्ग मात्रै भएको संज्ञा दिए । यो कुरा अब समाजले दुई वर्षमै बुझिसकेको उनको तर्क थियो ।

'विचारका हिसाबले जनताको बहुदलीय जनवाद र शक्तिका हिसाबले एमाले नै समाजवादको अभियानको सारथी हो भन्नेमा द्विविधा छैन ।'-ओलीले भने ।

उनले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिको रूपमा पुनर्संरचना गर्ने प्रक्रिया सुरु भइसकेको जनाउँदै अनुशासित र जनआधारित संगठनमार्फत् जनतासँग प्रत्यक्ष जोडिनुपर्नेमा जोड दिए ।

अध्यक्ष ओलीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा नेपाली विशेषताको मौलिक समाजवाद 'लोककल्याणकारी चरित्रको, खुला, प्रतिष्पर्धी एवं आर्थिक-सामाजिक न्याय र समानतालाई आत्मसात गरेको अर्थ राजनीतिक प्रणाली' हुने उल्लेख छ ।

दस्ताबेजमा नेपाली विशेषताको समाजवादमा 'राज्य साँचो अर्थमा जनताको हुनेछ, राज्यका उपलब्धिमा जनताको हक हुनेछ' उल्लेख छ ।

एमालेले 'आगामी १० वर्षमा प्रतिव्यक्ति वार्षिक आय कम्तीमा ४ हजार अमेरिकी डलर र वि.सं. २०१९ सम्ममा प्रतिव्यक्ति वार्षिक आय १३ हजार अमेरिकी डलर पुऱ्याउने' उल्लेख गरेको छ। दस्ताबेजमा 'उच्च आम्दानी र गुणस्तर जीवनशैली र सुरक्षित मातृत्व एवं बालमृत्युदरमा न्यूनताका कारण' नेपाली नागरिकको औसत आयु ८० वर्ष पुऱ्याउने उल्लेख छ । दस्ताबेजमा अगाडि भनिएको छ-'सबै नागरिक कम्तीमा




माध्यमिक शिक्षा हासिल गरेका हुने र अधिकांश स्वास्थ्य सेवा देशभित्रै सर्वसुलभ भएको हुनेछ ।

महासचिव शंकर पोखरेलले प्रस्तुत गरेको संगठनात्मक प्रतिवेदन अनुसार एमालेमा नवीकरण भएका संगठित सदस्यहरू ६ लाख ६२ हजार ९ सय ६१ जना रहेका छन् । यो संगठित पार्टी सदस्य संख्या १०औं महाधिवेशन पछि ३० प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।

» बाँकी ३ पेजमा

# कर्ण थापाको फरक मत पनि प्रस्तुत

बुटवल । नेकपा एमालेका स्थायी कमिटी सदस्य कर्ण थापाले दर्ता गराएको फरक मतले विधान महाधिवेशनको हलमा प्रस्तुत गर्ने अनुमति पाएको छ ।

थापासँगै तीनवटा छुट्टाछुट्टै प्रतिवेदनहरू प्रस्तुत हुनेछन् ।

थापाले ३२ पृष्ठ लामो फरक मत केन्द्रीय कार्यालयमा दर्ता गराएका थिए । थापाको फरक मतमा एमाले पूर्व उपाध्यक्ष एवं पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण भइसकेकाले पार्टीमा सक्रिय हुन रोक्न नमिल्ने, ७० वर्षे उमेर हद र कार्यकारी पदमा २ कार्यकाल मात्र रहन पाइने विषय रहेका छन् ।

थापाको फरक मत महाधिवेशन प्रतिनिधिहरूलाई पनि बाँडिनेछ ।

# विद्या भण्डारीको भिडियो सन्देश

बुटवल । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफूले पठाएको पत्र अध्ययन गरेर सुझाव दिन अनुरोध गरेकी छिन् ।

शुक्रबारबाट ललितपुरको गोदावरीमा सुरु भएको दोस्रो विधान अधिवेशनमा सहभागी हुन वञ्चित भएपछि उनले पत्रमार्फत् शुभकामना सन्देश पठाएकी थिइन् ।

उनले शुक्रबार भने एक भिडिओ सन्देशमार्फत् एमाले र आफ्नो उद्देश्य एउटै भएकाले सधैँ सँगै रहने बताएकी छिन् ।

'पार्टीले मलाई राष्ट्रपति निर्वाचनमा उम्मेदवार बनाएर पठाएको हुनाले राष्ट्रिय जिम्मेवारीमा रहेँ ।

त्यतिबेला हाम्रो भेटघाटहरू कम भएको हुनसक्छ । तथापि हाम्रो उद्देश्य एउटै हो । हामी सधैँ सँगै नै छौं । यहाँहरूलाई मैले प्रत्यक्ष भेटघाट गर्न नपाए पनि मैले भेटेसरह नै मानेको छु ।'-भण्डारीले भनेकी छिन् ।

विधान महाधिवेशनका प्रतिनिधिहरूलाई भण्डारीले भावनात्मक र संगठनात्मक हिसाबले अघि बढ्न आग्रह गरेकी छिन् ।

'मैले यहाँहरूलाई हिजोमात्रै पत्रमार्फत् आफ्ना विचार राखेको छु । यहाँहरूले अध्ययन गर्नुभएकै होला ।

» बाँकी ३ पेजमा

# १५००औं मोहम्मद जयन्ती मनाइँयो




**मोहम्मद हबिब**
*भैरहवा*

भैरहवा सहित विश्वव्यापी रुपमा १५००औं मोहम्मद जयन्ती मनाइएको छ । भैरहवामा ५ दशकअघिदेखि जन्मोत्सवको अवसरमा निकालिंदै आएको ऱ्यालीलाई यस वर्ष पनि उत्साहका साथ निरन्तरता दिइएको छ । इस्लामिक धर्म गुरु पैगम्बर हजरत मोहम्मदको जन्म दिनकै अवसरमा रुपन्देहीको भैरहवामा ऱ्याली, जश्ने इद मिलादको कार्यक्रम, रक्तदान, बिरामीलाई फलफूल वितरण, जीवनी वाचन, उपदेश र वाणीहरुको स्मरण गर्दै जन्मदिन मनाइएको हो ।

मुस्लिम समुदायले महत्वपूर्ण यस दिनमा उनको अनुसरण सबैले गर्नुपर्ने भन्दै खुशयालीको रुपमा पर्व मनाउने गरेका छन् । भैरहवामा रहेको मदरसा अहले सुन्नत कठौतियासहित यस क्षेत्रका मदरसा र मस्जिदहरुको नेतृत्वमा प्रभातफेरी हुने गरेको छ ।

हजरत मोहम्मदको जन्म इस्लामी पात्रो हिजरी सम्वतको रब्बिउल औवल महिनाको १२ तारिखका दिन बुबा अब्दुल्लाह र आमा आमिनाको कोखबाट साउदीको मक्का शहरमा भएको थियो ।

त्यसै दिनको खुसियालीमा यस दिनलाई मुस्लिम समुदायले जश्ने ईद मिलादुन नवि(रबिउलऔवल)को रुपमा मनाउने गरिन्छ ।

भैरहवा र आसपास रहेका दर्जन बढी मस्जिद, मदरसा मुस्लिम संघसंगठन, धार्मिक संघसंस्था तथा मुस्लिम अगुवाहरुको आयोजनामा भव्य ऱ्यालीसहित धार्मिक सभा, जीवनी र विश्वभर फैलाएको धार्मिक सन्देशको बारेमा चर्चा गरी जन्मदिन मनाइएको छ । मोहम्मदको निधन ६३ वर्षको उमेरमा साउदीकै मदिनामा भएको थियो ।

भैरहवासहित दोगहरा, गल्लामण्डी, बसडिलिया, पक्लिहवा, खजहना, खजुरिया, कठौतिया, उदयपुर, गोलिगढ, चैनपुर, बसन्तपुर, मदरसा र मुस्लिम समुदायको हजारौंको सहभागितामा धार्मिक झण्डा, प्लेकार्ड र इस्लामिक सन्देशका साथ नगर परिक्रमा गरेका छन् ।

मुस्लिम समुदायले मस्जिद, मदरसा र घर-घर सजाउने, एक आपसमा शुभकामना आदानप्रदान गर्ने, मिठा परिकार बनाइ प्रसाद सिरनीको रुपमा दिने गरिन्छ ।

मोहम्मद जयन्तीको अवसरमा विभिन्न स्थानीय पालिकाहरुले सार्वजनिक बिदासमेत दिएका छन् । नेपाल सरकारले मोहम्मद जयन्तिमा सार्वजनिक बिदा दिने भनि २०६९ साल जेठ ७ गते राष्ट्रिय मुस्लिम संयुक्त गठबन्धनसँग लिखित सम्झौता गरे पनि धर्मावलम्बीहरुलाई मात्रै बिदा दिँदै आएको छ ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८२ भदौ २१ गते, शनिबार
तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

आज म यस शहरमा
नाङ्गै उपस्थित भएको छु
तर अचम्म ! मलाई हेरेर कसैले
आँखा छोपेन
पटक्कै लाज लागेन यहाँका
मान्छेहरूलाई ।

– विप्लव प्रतीक
('नाङ्गो शहर' कवितावाट)

पुस्तक टिप्पणी

# 'गणतन्त्र अगाडि र पछाडिको नेपालः तुलनात्मक अध्ययन' माथि एक टिप्पणी

सुमिना

मार्क्सवादी ज्ञानकेन्द्रले प्रकाशन गरेको 'गणतन्त्र अगाडि र पछाडिको नेपालः तुलनात्मक अध्ययन' वर्तमान परिप्रेक्ष्यमा महत्त्वपूर्ण अनुसन्धनात्मक पुस्तक हो । आज गणतन्त्रको सक्षमतामाथि प्रश्न उठिरहेको र व्यवस्थाप्रति निराशा फैलाउने प्रयत्न भएको सन्दर्भमा पनि यो पुस्तक महत्त्वपूर्ण रहेको हो ।

वर्तमान कतिपय निराशाहरू यही व्यवस्थाको असक्षमताले सिर्जेका स्वतःस्फूर्त निराशाहरू हुन् भने कतिपय निराशाहरू कुनै शक्तिहरूद्वारा विभिन्न उद्देश्यसहित सुनियोजित रूपमा उत्पन्न गराइएका वा परिभाषित गरिएका हुन् ।

आजको लोकतन्त्रले समस्त मानवीय भावनाहरू सम्बोधन गर्न नसकिरहेको अवस्थामा केही पश्चगामी शक्तिहरू जुर्मुराएर निराशाको झिल्कोमा आगो झोस्ने र भड्काउने काम भई रहेको छ । तर वास्तविकता त के हो भने यो व्यवस्था जति नै कमजोर भए पनि हिजोको पञ्चायत राजतन्त्रभन्दा सम्पूर्ण रूपमा उन्नत व्यवस्था नै हो ।

यो पुस्तकले तथ्यगत रूपमा यो कुरालाई प्रमाणित गर्न सकेको छ । यो यसको सबल पक्ष हो । यो पुस्तकको बहस त्यो तप्कासम्म पनि पुऱ्याउन आवश्यक छ जो गणतन्त्र असफल भनिरहेका छन् वा भन्नेहरूको प्रभावमा परिरहेका छन् । व्यवस्थाप्रति सदाबहार निराशा बोकिरहनेहरूका बिचमा पनि यसले 'डिस्कोर्ष' सिर्जना गर्दा एउटा सन्देश प्रवाह हुन्छ ।

समग्रमा हिजोका व्यवस्थाका तुलनामा आजको व्यवस्था उन्नत सावित गर्ने यो एउटा लिखित दस्तावेज हो ।

**पुस्तकको अध्ययन विधि**

यो पुस्तक कुनै सैद्धान्तिक या राजनैतिक संश्लेषण /विश्लेषण नभएर अनुसन्धनात्मक तथ्य र तथ्याङ्कहरूको प्रस्तुतिकरण हो । पुस्तकले हिजोको पञ्चायत बहुदल भन्दा आजको गणतन्त्र सामाजिक , सांस्कृतिक, आर्थिक, भौतिक रूपमा विकासशील र उन्नत व्यवस्था हो भन्ने कुरालाई तथ्यांकसहित पुष्टि गरेको छ ।

मूलतः अध्ययन विधिलाई तीन भागमा रेखाङ्कन गरिएको छः–

१) पञ्चायत अर्थात् २०१६ देखि २०४६ सम्मको समयावधि ।

२) बहुदल काल अर्थात् २०४६ देखि २०६२ सम्म ( संवैधानिक राजतन्त्र काल )

३) गणतन्त्र काल अर्थात् २०६२ देखि हालसम्मको समयावधि ।

ती तीन व्यवस्थाका आर्थिक सामाजिक सांस्कृतिक राजनैतिक र भौतिक विकासलाई तुलनात्मक अध्ययन गरेर एउटा निष्कर्ष निकालिएको छ ।




**गणतन्त्रका उपलब्धि**

सङ्घीयताले गाउँ गाउँमा छोटे राजा जन्मिए तलब खाए देश रित्याए भन्ने भाष्य निर्माण गरिएको छ ।

तथ्याङ्कले के देखाउँछ भनेपुरानो भनिएको व्यवस्थामा पनि राजाले आफ्नो शासन कालमा दुई लाख एक सय उनन्तिस जना बफादार गाउँ गाउँमा खटाएको थियो । पञ्चायती व्यवस्थाको तुलनामा सङ्घीय गणतन्त्रमा जनप्रतिनिधिको सङ्ख्यामा एक लाख चौसट्ठी हजार पचहत्तरले कमी आएको देखिन्छ ।

त्यस्तै शिक्षा भौतिक पूर्वाधार सबैमा सुधार रहेको देखिन्छ ।

त्यस्तै स्वास्थ्यमा पनि पञ्चायतमा १० हजार जनसङ्ख्यामा कुल एउटा चिकित्सकबहुदलमा १० हजार बराबर दुई गणतन्त्रमा आउँदा यो पर्याप्त बढेको देखिन्छ ।परिणामतः औसत आयु वृद्धि, मातृ मृत्युदर बाल मृत्युदर झाडापखाला निमोनिया रोगलगायत सबैमा सुधार देखाउँछ ।

यी र यस्ता पुस्तकले उजागर गर्न सकेका थुप्रै गणतन्त्रका सबल पक्ष पुस्तकमा उजागर छन् । हिजोको व्यवस्थाको राग लगाइरहेकाहरूको निम्ति यो गतिलो जवाफ हो भन्ने लाग्छ ।

पुस्तक र अध्ययन विधिका केही सीमितता र कमजोरीको पक्ष केलाउँदा केही विषहरूमा यसको अपूर्णता र कमी पनि महसुस गरिन्छ । अध्ययनका केही सिमितताहरू यसप्रकार छन्ः

१) कुल ग्राहस्थ उत्पादन र प्रतिव्यक्ति आयको अनुपातमा मात्र जनताको आर्थिक अवस्थाको निष्कर्ष निकाल्नु सही कुरा होइन । यसले सोलोडोलो तथ्याङ्क निकाल्छ । जस्तो कुनै देशमा २० जना नागरिक छन् भने त्यहाँ ५ जना मान्छेहरू अरबपति छन् १५ जनासँग १००० पनि छैन । यसलाई औसतमा बनाउँदा हुने नहुने सबै ५० करोडको मालिक हुने भए । जबकि १५ जना मान्छे त निरपेक्ष गरीबीको रेखामा छन् । यो भरपर्दो तथ्याङ्क होइन ।

२) गणतन्त्र स्थापनाको चार वटा मूल उध्येश्य थिए । एक, निरंकुशताको अन्त्य, दुई पहिचानसहितको सङ्घीयताको कार्यान्वयन, तीन नेपाली समाजको आमूल आर्थिक सामाजिक रूपान्तरण र चार राष्ट्रिय स्वाधीनता । यो मध्ये निरंकुशताको अन्त्य त भयो तर न सङ्घीयता सङ्घीयता जस्तो भयो न आमूल सामाजिक आर्थिक रूपान्तरणतिर देश गयो । न स्वाधीन हुन सक्यो । एमसिसी र लिम्पियाधुरासम्म हेर्दा हामी कति पराधीन रहेछौँ भन्ने स्पस्ट देखिन्छ ।

३) तेस्रो कुरा देशले समात्नै पर्ने बाटो उत्पादन र आत्मनिर्भरता हो । आजको गणतन्त्र यो दुवै मामिलामा निकै कमजोर देखिन्छ । गणतन्त्रसँग उत्पादन र आत्मनिर्भरताको कुनै भरपर्दो परियोजना छैन । युवाहरू विदेशतिर लस्कर लागेका छन् ।

अचम्मको कुरा यो पुस्तकले नवउदारवादलाई घुमाउँरो रूपमा पक्षपोषण गरेको देखिन्छ । उद्योगहरूको पाठमा यो पुस्तकले भनेको छ - 'पञ्चायतकालमा सञ्चालनमा रहेका सामुदायिक उद्योग कारखानाहरू जस्तै हेटौँडा कपडा , बाँसबारी छाला जुत्ता, भृकुटी कागज लगायत बन्द हुनुलाई नवउदारवाद भित्रिएपछि मान्छेको रुचि निजीतिर बढ्यो अनि सरकारी कारखाना बन्द भए'। जबकि सामुदायिक उद्योगहरू चलाउन नसक्नु राज्यको कमजोरी हो । राज्यको असक्षमतालाई नवउदारवाद भनेर ढाक्ने प्रयत्न गरिएको छ । विकासोन्मुख भनिने देशहरूको आत्मनिर्भरताको मुख्य बाधक नवउदारवाद हो । जसले देशलाई आत्मनिर्भरता स्वाधीनता र स्वतन्त्रताको दिशा तर्फ जानबाट रोक्छ ।

४) शिक्षाको चर्चा गरौं । हिजोको तुलनामा आज जनसङ्ख्या वृद्धिको कारण विद्यार्थीको सङ्ख्या बढ्नु स्वाभाविक हो ।तर आज पनि ५०-६० प्रतिशत विद्यार्थी विद्यालयबाट बिचमै हराइरहेका छन् ।

जस्तै पाँच लाख विद्यार्थीले एसईई दिए भने १२ सम्म जाँदा २ देखि ३ लाखमा झरेका छन् । त्यही अनुपातमा ब्याचलर सम्म पुग्दा अझै घटिरहेका छन् । ती किन हराइरहेका छन् ? कारण के हो यो गम्भीर प्रश्न हो । विद्यार्थीले पढिरहेका छन् तर के पढिरहेका छन् ? यो पढाइले विद्यार्थीको चेतना निर्माणमा के कति काम गर्न सकेको छ ? कति व्यवहारिक प्राविधिक र वैज्ञानिक छ आजको शिक्षा प्रणाली ? राजा महाराजाको गुणगान , ईश्वरका कहानी किताबका कोर्समा पढाइन्छन् । जसले विद्यार्थीहरूलाई शक्तिको पुजारी हुन सिकाइरहेको छ ।

५) त्यसै गरी बाटो घाटो क्रसर उद्योग हाइड्रो सञ्चालन भएको कुरालाई विकास त भनिएको छ तर यसले गरेको प्रकृतिको दोहनबाट उत्पन्न हुने पर्यावरणीय संकटलाई रोक्ने उपाय भने भेटिँदैन ।

६) अर्को मनोवैज्ञानिक पक्ष हो । अर्थात्, चेतना रूपान्तरणको सवाल, सांस्कृतिक रूपान्तरणको बाटो ।

भौतिक पूर्वाधारको विकासलाई मात्र विकासको उदाहरणमा प्रस्तुत गरी आजको गणतन्त्रलाई विकासशील र उन्नत व्यवस्था दाबी गरिएको छ । जबकि जनचेतना निम्न भएको र सांस्कृतिक रूपमा पिछडिएको समाज छ भने भौतिक रूपमा जति नै उन्नत भए पनि त्यो समाज उन्नत भन्न लायक हुँदैन । नेपाली समाजको चिन्तन चेतना र प्रवृत्ति आजपनी सामन्तवादमा अल्झिरहेको छ । विभेद,रुढीवाद उस्तै छ । सांस्कृतिक रूपान्तरणको कुनै आवश्यक पहल पुस्तकले सुझाएको छैन ।

**असमान वितरण**

गणतन्त्रमा भौतिक विकासमा वृद्धि भएको छ । तर भएका विकासको पनि प्रयोग र वितरणमा पर्याप्त असमानता छ । राज्य पिँधको वर्ग जात र भूगोलसम्म पुग्न सकेको छैन । सहरमा ठुला ठुला भ्यू टावर उभ्याइएका छन्, तर सुदूर पश्चिममा आजपनी मान्छे 'तुइन' चढेर यात्रा गर्न बाध्य छन् । कसैले महंगो स्वास्थ्यसेवा लिइरहेका छन् कतै पर्याप्त सिटामोल छैन । शिक्षा स्वास्थ्य हुनेखानेको पहुँचमा छ । गरिबका कसरत उस्तै छन् । जबसम्म पिँधको वर्गले पुर्णतया राज्यको प्रत्याभूति महसुस गर्न सक्दैन त्यो गणतन्त्र गणतन्त्र भन्न लायक हुन सक्दैन । लोकतन्त्र तबसम्म उन्नत र विकासशील हुँदैन जब यो पिँधको वर्ग भूगोलसम्म पुग्दैन ।

पुस्तकको सबैभन्दा कमजोर पक्ष चैं हरेक च्याप्टरको अन्तिममा चुनौती र समाधानहरू भनेर जुन बुँदाहरू दिएको छ ती निकै सतही र अमूर्त प्रकारका छन् । यत्तिको किताब लेखिसकेपछि एउटा सुझाव र समाधानको चित्र कोर्न सक्न पर्थ्यो ।

अन्त्यमा, हिजोको व्यवस्थाभन्दा यो व्यवस्था उन्नत हो भन्ने कुरा पुस्तकले देखाउन सकेको छ । तर फेरि पनि यसमै सन्तोष मानेर यही ठिकै त छ भनेर बस्दा यथास्थितिमा अल्झिने सम्भावना पनि उत्तिकै छ ।

» *बाँकी ३ पेजमा*

व्यक्ति

# इमानुएल वालेस्टाइनः एक चर्चा

सिंगो संसार आर्थिक प्रणालीको जटिल जालोमा जेलिएको छ भन्ने अवधारणाका आविष्कारक इमान्युअल वालेस्टाइन नेपालजस्ता विकासशील देशको अविकासको चरित्र अध्ययन गर्न पनि उत्तिकै पठनीय छन् ।

पोल्याण्ड जननी भएका वालेस्टाइनको बाआमा प्रथम विश्वयुद्धको समयमा जर्मनी हुँदै सन् १९२३मा संरा अमेरिका पुगेका थिए । सन् १९३० सेप्टेम्बर २८ मा वालेस्टाइन जन्मिए । वालेस्टाइनको परिवार राजनीतिक रूपले सचेत थियो जसको प्रभावका कारण उनी किशोर उमेरदेखि नै अन्तर्राष्ट्रिय घटनामा चासो राख्थे । वालस्टीनको शिक्षा कोलम्बिया विश्वविद्यालयमा भयो जहाँबाट उनले सन् १९५१मा स्नातक, १९५४ मा स्नात्तकोत्तर र १९५९ मा विद्यावारिधी उपाधि हासिल गरे । सन् १९५१ देखि १९५३ सम्म उनी अमेरिकाको अनिवार्य सैनिक सेवामा सामेल भए । त्यसपश्चात आफ्नो स्नात्तकोत्तरको शोधपत्र म्याकार्थीवादमा लेखे ।

शुरुवातमा वालेस्टाइन गैरअमेरिकी राजनीतिमा चासो राख्थे । विशेष गरेर अफ्रिका र भारतको राजनीतिमा उनको विशेष चासो थियो । कोलम्बिया विश्वविद्यालयबाट नै शिक्षण शुरु गरेका उनले पछि म्यागगिल विश्वविद्यालयमा अध्यापन गरे । विंग्ह्याम्टम विश्वविद्यालयको अर्थशास्त्र, इतिहास र सभ्यताको अध्ययन गर्ने चर्चित फ्रनाड ब्राउडल केन्द्रको नेतृत्व गर्ने दुर्लभ अवसर पनि प्राप्त हुनुले उनको प्राज्ञिक क्षेत्रको फराकिलो घेरालाई इंगित गर्छ । जीवनको अन्त्यतिर पनि उनी येल विश्वविद्यालयसँग आबद्ध थिए ।

संसारका विभिन्न देशको फेलोसिप, विभिन्न अध्ययन केन्द्रहरूमा सहभागिता, विभिन्न विश्वविद्यालयमा लेक्चर, विभिन्न मानार्थ उपाधिको थुप्रो र अनेक जर्नलहरूको सम्पादनमा सहभागिताले उनको व्यस्त र सक्रिय जीवनलाई इंगित गर्दछ ।

**विश्व प्रणाली सिद्धान्त**

वालेस्टाइनको अवधारणा निकै सरल तरिकाले बुझ्न सकिन्छ । उनी भन्छन्– संसार जटिल अर्थप्रणालीले जेलिएको छ । 'विश्व प्रणाली सिद्धान्त'ले सिंगो संसारलाई एउटा सामाजिक प्रणाली ठान्छ । र विश्व राजनीतिकभन्दा पनि आर्थिक प्रणालीले जेलिएको छ, जसले केन्द्र र परिधिको निर्माण गरेको छ । वालेस्टाइनले सिंगो संसारलाई पूँजीवादी आर्थिक प्रणालीको जालोमा विश्लेषण गर्छन् । यो सिद्धान्तका अनुसार,संसारका केन्द्रका राज्यहरू र परिधीका राज्यहरू खाद्यान्न, तेल, सुरक्षा जस्ता कारणहरूले सम्बन्धित छ । यो अन्तरसम्बन्ध समान भने छैन । केन्द्रका राज्यहरूले परिधीका राज्यहरूको शोषण गरिरहेका छन् । विश्वप्रणालीको मुख्य स्रोत श्रमको अन्तर्राष्ट्रिय विभाजन हो । केन्द्रले परिधिको श्रमदेखि प्राकृतिक स्रोतसम्म कब्जा गरिरहेको हुन्छ । केन्द्र र परिधिको बीचमा अन्य अर्धपरिधीको क्षेत्र हुन्छ । यस्तो अर्धपरिधि आफैमा केन्द्रबाट शोषित हुन्छ भने परिधिलाई शोषण गरिरहेको हुन्छ । तर, आधारभूत रूपमा केन्द्र र परिधिलाई बढी जोड दिइन्छ ।

पूँजीवादी विश्व प्रणालीका कारण केन्द्र जहिल्यै लाभान्वित हुन्छ । केन्द्रका राज्यहरू यसैकारण बलिया हुन्छन् । शक्तिशाली सरकार, बहृत कर्मचारीतन्त्र, सशक्त सैन्य शक्तिभएका यी राज्यहरूले आफ्ना देशका पूँजीपति वर्गमार्फत् संसारको स्रोतसाधन र श्रममाथि कब्जा जमाएर अतिरिक्त नाफा सिर्जना गरिरहेका



हुन्छन् । यी देशको समृद्धि परिधीका कैयन् देशको शोषणमा टिकेको हुन्छ । आज हामीले विकसित र सम्पन्न ठान्ने देशहरूको प्रगति परिधिका देशहरूलाई गरीबी, ऋण, परनिर्भरताको विषमतामा धकेलेर स्थापित भएको हो भन्ने वालर्स्टिनको ठम्याई हो । अर्कोतर्फ परिधिका राज्यहरू केन्द्रलाई सस्तो श्रम र प्राकृतिक स्रोत उपलब्ध गराएर टिकेको हुन्छ । परिधिका राज्यहरू कमजोर हुन्छन् । स्थानिय अर्थप्रणाली पूर्णतः दलाल प्रकृतिको हुन्छ । यसले जन्माउने सरकार पनि दलाल अर्थतन्त्र पक्षधर कमजोर हुन्छ । कर्मचारीतन्त्र भ्रष्टाचारले गाँजिएको हुन्छ । खासमा यस्ता परिधिका देशहरूको अविकासको मुख्य कारक नै पूँजीवादी विश्व प्रणाली हो ।

विश्वप्रणालीको अर्को कारक प्रविधी हो । केन्द्र जहिल्यै प्रविधीमा बलियो हुन्छ । यसको अर्को कारण भनेको विश्वभरको बौद्धिक क्षमता माथि पनि केन्द्रको कब्जा हुन्छ । अहिले संरा अमेरिकाको विज्ञान र प्रविधि संसारका बौद्धिकहरूको सामुहिक प्रयत्नको परिणाम हो । आज नासामा संसारका तिक्ष्ण प्रतिभाशाली मस्तिष्कको भीड हुनु पनि पूँजीवादी विश्व प्रणालीको परिणाम हो । प्रतिभा पलायनको कारक पनि यहीं विश्व प्रणाली नै हो जसले गर्दा परिधिका देशहरूको प्रगतिमा गतिरोध उत्पन्न भइरहेको हुन्छ । यही असमान विनिमयका कारण परिधीका देशहरूको विकासमा संरचनात्मक अवरुद्धता सिर्जना भएको हुन्छ ।

वालेस्टाइनले संसारलाई पूँजीवादी विश्व प्रणालीलाई बृहत आयामबाट व्याख्या गर्छन् जहाँ राष्ट्र-राज्यहरू सिंगो प्रणालीको एउटा तत्वमात्र हुन् । मार्च २००८ मा उनले एउटा अन्तर्वार्तामा भनेका छन्– "१९औं शताब्दीको अन्त्यतिरबाट संसार पूँजीवादी प्रणालीले शासित हुनथाल्यो ।...मेरो विचारमा समाजिक विज्ञानमा राज्यहरूलाई पनि सिंगो प्रणालीको एउटा तत्वको रूपमा लिइनुपर्छ । देशहरूमात्र होइन कि जाति, वर्ग, राष्ट्र, परिवार आदि सबै सिंगो पूँजीवादी विश्वप्रणाली अन्तर्गत छन् ।"

उक्त अन्तर्वार्तामा उनलेवर्तमान पूँजीवादी विश्व प्रणालीको अन्त्यको सम्भावना पनि औल्याएका छन् । उनी भन्छन्– "हरेक संरचनाहरू जस्तै यो विश्व प्रणाली पनि विभिन्न चरणबाट गुज्रन्छ । शुरुवातमा यसको उदय, स्थापना त्यसपश्चात विकास र अन्त्यमा संरचनात्मक संकटको चरण अनि लोप ।...हामी अहिले यो विश्व प्रणालीको संकटको चरणमा छौ । मैले ठ्याक्कै अवधि त अनुमान गर्न सक्दैन तर हामी छिट्टै नै (पच्चीसदेखि पचास वर्षबीचमा) यो प्रणालीको अन्त्य वा अन्य प्रणालीद्वारा विस्थापनको प्रत्यक्षदर्शी बन्नेछौं ।"

**सन्दर्भ**

४६ पुस्तकका लेखक वालेस्टाइनको 'विश्व प्रणाली सिद्धान्त'सन् १९७४ मा 'विश्व पूँजीवादी प्रणालीको अभ्युदय र अन्त्यको भविष्यः तुलनात्मक अध्ययनको लागि अवधारणा' शीर्षकको शोधपत्र प्रकाशन सँगै मुर्त रूप प्रकाशमा आयो । सन् १९७४ मा नै 'द मोर्डन वर्ल्ड सिस्टम' (आधुनिक विश्व प्रणाली)को पहिलो खण्ड प्रकाशन गरेसँगै अवधारणाले बलियो आकार ग्रहण गर्न थाल्यो । उक्त पुस्तकको दोस्रो भाग सन् १९८०मा, तेस्रो १९८९ र चौथो २०११मा प्रकाशन भयो । यी चार पुस्तक बाहेक पनि अन्य दर्जनौ पुस्तकमा उनले आफ्नो अवधारणालाई स्थापित गरेका छन् । पहिलो ग्रन्थमा वालेस्टाइनले पश्चिमी युरोपमा पूँजीवादको उदयको विस्तृत चर्चा गरेका छन् । सामन्ती उत्पादन प्रणालीको संकटसँगै पन्ध्रौ शताब्दीको अन्त्य र सोह्रौं शताब्दीको शुरुवातमा विश्व आर्थिक प्रणालीको अभ्युदय भएको उनको ठम्याई छ । यसमा विश्व प्रणालीका लागि आवश्यक आर्थिक र राजनीतिक संस्थाहरूको जन्मको कथा छ । दोस्रो ग्रन्थमा व्यापारवादको विस्तारसँगै कसरी युरापेली विश्व अर्थतन्त्रले ठोस आकार ग्रहण गऱ्यो भन्ने विश्लेषण छ । यसमा विशेष गरेर डच साम्राज्यको विश्लेषण गरिएको छ । सन् १६००देखि १७५० सम्मको इतिहासको विश्लेषण गर्दै तत्कालिन पूँजीवादी विश्व प्रणालीको मन्दगतिको कारण पनि खोतलिएको छ ।तेस्रो ग्रन्थमा सन् १७३०देखि १८४०को दशकमा कसरीपुँजीवादी विश्व अर्थतन्त्रको फैलावटले दोस्रो चरण हासिल गऱ्यो भन्ने छ । यसमा विश्व पूँजीवादी प्रणालीको आर्थिक र भौगोलिक व्यापकताको विश्लेषण गरिएको छ । चौथो ग्रन्थमा आधुनिक विश्व प्रणालीको सांस्कृतिक प्रभुत्वको विश्लेषण गरिएको छ । यसमा उदारवाद र उदार राज्यको चर्चा गरिएको छ । मुलतः यी सबै ग्रन्थहरू समयक्रमको सिलसिलामा लेखिएका छन् । वालेस्टाइनले चौथो ग्रन्थको भूमिकामा लेखे अनुसार उनी अझै पाँचौ र छैठौं ग्रन्थको तयारीमा थिए । यी सबै ग्रन्थहरू र अन्य रचनाहरूको बलमा उनले एकाधिकारको प्रष्ट लक्षण निहित बजारव्यवस्थालाई पूँजीवादको मुल चरित्रको रूपमा अर्थाएका छन् ।

कुनै पनि सैद्धान्तिक अवधारणाको जन्मको पछाडि अन्य समकालिन वैचारिक अवधारणाहरूको लामो पृष्ठभूमिले काम गरेको हुन्छ । कतै तिनका खण्डन र कतै तिबाट प्रेरणा लिएर नयाँ अवधारणा स्थापित हुन्छ । बौद्धिक कर्म र ज्ञान निर्माणको यहीं परम्परा हुन्छ ।

वालेस्टाइनले विश्व प्रणाली सिद्धान्तलाई मूर्त रूप दिन अगावै अन्य वैचारिक अवधारणाहरू स्थापित भइसकेका थिए । विशेष गरेर विश्व अर्थतन्त्रको विश्लेषणमा तिनको योगदान थियो । मार्क्सको विश्लेषणको परम्परा ग्रहण गरेर लेनिनले साम्राज्यवादलाई पूँजीवादको उच्चतम अवस्थाको रूपमा विश्लेषण गरिसकेका थिए । वित्तिय पूँजी र एकाधिकार बजारको विश्लेषण गर्दै लेनिन त्यो निष्कर्षमा पुगेका थिए । त्यस्तै मार्क्सको सिद्धान्तलाई आर्थिक नियतिवाद वा आर्थिक निर्धारणवादमा खुम्च्याइन थालेपछि व्यक्तिको भूमिका र सचेत प्रयत्नलाई जोड दिँदै जर्ज लुकास र एन्टोनियो ग्राम्सीका अवधारणाहरू आइसकेका थिए । इतिहास र पूर्वपरम्पराको खण्डनको रूपमा फ्र्यान्कफर्ट स्कुल स्थापित भएको थियो ।

साम्राज्यवाद, आर्थिक प्रणालीको विश्लेषणको क्रममा नवमार्क्सवादीहरूको जन्म भईसकेको थियो । पाउल बारान र पाउल स्वीजीको 'एकाधिकार पूँजी'को अवधारणा र ए.जी. फ्रान्कद्वारा ल्याटिन अमेरिकाको अध्यनमा केन्द्रीत 'परनिर्भरताको सिद्धान्त'को जन्म भईसकेको थियो । वालेस्टाइन यी सबै अवधारणाबाट गुज्रिएका थिए । त्यस्तै विश्लेषण पद्धतिका लागि वालेस्टाइनले मार्क्स र वेबर दुवैलाई पछ्याएको देखिन्छ ।

विश्व प्रणाली सिद्धान्त मुख्यतः तीनवटा आधारहरू छन् । मार्क्स, एनाल स्कुल र परनिर्भरताको सिद्धान्त । मार्क्सबाट वालेस्टाइनले मानव समुदायबीचको सामाजिक द्वन्द्वको यथार्थ, सम्पूर्णतामा हेर्ने तरिका, पूँजीको केन्द्रीकरण, सामाजिक गतिको द्वन्द्वात्मक कारणहरू सिकेका थिए ।

फ्रर्नान्ड ब्रडेलले नेतृत्व गरेको फ्रान्सको एनाल स्कुल इतिहास अध्ययनमा केन्द्रीत थियो । यसबाट लामो अवधिको आधारमा इतिहासको अध्ययन, भौगोलिक क्षेत्रलाई अध्ययनको इकाई बनाउने पद्धति र ग्रामिण इतिहासप्रतिको चासो सिकेका थिए वालेस्टाइनले ।

परनिर्भताको सिद्धान्तबाट उनले विकास र अल्पविकासको व्याख्या र केन्द्र-परिधीको सम्बन्ध लिएका थिए । खास गरेर विश्वव्यापी पूँजीवादको आलोचनाको पाटो परनिर्भरताको सिद्धान्तबाट ग्रहण गरेका थिए ।

यी बाहेक वालेस्टाइन कार्ल पोलियानी र जोसेफ स्कुम्पटरबाट पनि प्रभावित थिए ।

हरेक विचारकको सोचाइमा परिवर्तन ल्याउने विशेष क्षणहरू हुन्छन् । वालेस्टाइनलाई शुरुवातमा अफ्रिका अध्ययनको रुचि थियो । त्यसैले कोलम्बिया विश्वविद्यालयको अध्यापक हुँदा उनी अफ्रिका अध्ययनको लागि पेरिसमा बसेका थिए । त्यतिबेला पेरिस एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विद्रोही विचारक तथा राजनीतिज्ञहरूको केन्द्र थियो । यी सबैको उनीमाथि राम्रो प्रभाव पऱ्यो । त्यस्तै एनाले स्कुलका विचारकहरूसँगको संगतले पनि उनलाई 'विश्व प्रणाली सिद्धान्त'को जन्म गराउन उत्साहित गऱ्यो ।

विश्व प्रणाली सिद्धान्त आलोचनाबाट मुक्त भने छैन । वालेस्टाइनलाई वर्गसंघर्षको आँखाबाट नहेरेको, केन्द्र र परिधिको सम्बन्धमा सांस्कृतिक पाटोलाई ख्याल नगरी आर्थिक कारकलाई बढी जोड दिएको जस्ता आलोचनाहरू भइआएका छन् ।

» *बाँकी ३ पेजमा*

# खुद्रा किराना व्यवसायीको १९औँ साधारणसभा

बुटवल । खुद्रा किराना व्यवसायी संघ रुपन्देहीको १९औँ वार्षिक साधारणसभा तथा १०औँ अधिवेशन शुक्रबार बुटवलमा सम्पन्न भएको छ ।

साधारणसभाको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले स-साना व्यवसायीहरूको हितका लागि उप-महानगर जहिले पनि साथमा रहेको बताए । उनले अवैध रुपमा व्यवसाय गर्ने छुट कसैलाई नहुने उल्लेख गर्दै, व्यवसायीको समस्या समाधानका लागि उप-महानगर सहकार्य गर्न तयार रहेको बताए ।

संघका अध्यक्ष महेन्द्रप्रसाद पोखरेलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै व्यवसायीहरूको हकहित र समस्या समाधानका लागि संघ निरन्तर सक्रिय रहेको बताए । संघका सल्लाहकार कृष्णप्रसाद पाण्डेले खुला सिमाना, दर्ता तथा अनुमति बिना सञ्चालन हुने हाटबजार, मेला-महोत्सव र ठेलामा हुने बिक्रीले खुद्रा किराना व्यवसायीलाई चुनौती सिर्जना गरेको बताए ।

उनले म्याद गुज्रिएका तथा अखाद्य वस्तु हाटबजारमा खुलमखुल्ला बिक्री भइरहेको भन्दै सरकारी संयन्त्रले अनुगमनमा कडाइ नगर्दा व्यवसायी समस्यामा परेको उल्लेख गरे ।

कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च बुटवलका अध्यक्ष समुन्द्र जिसी, होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष माधवकुमार खनाल, लुम्बिनी फलफूल तथा तरकारी थोक बिक्रेता संघका अध्यक्ष बाबुराम भुसाल, हाटबजार व्यवसायी संघ रुपन्देहीका अध्यक्ष हुमाराम पोखरेल, देउराली उपभोक्ता सहकारीका अध्यक्ष ज्ञानप्रसाद न्यौपाने, यशियन थाइ फुड्सका लुम्बिनी प्रदेश प्रमुख दीपक बास्तोला, संघका द्वितीय उपाध्यक्ष गोपालकुमार प्रधानलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा महासचिव दधि ज्ञवालीको सञ्चालनमा सचिव यमलाल बेल्बासेले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष टिकाराम शर्मा पौडेलले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक खिमराज पाण्डेको प्रतिवेदन पारित गरिएको थियो ।

सोही अवसरमा संघका उत्कृष्ट सदस्य, पत्रकार तथा एसईई र प्लस टुमा उत्कृष्ट नतिजा ल्याएका सदस्यका सन्तानलाई सम्मान गरिएको थियो ।

हाल संघमा करिब १ हजार २५० व्यवसायी आबद्ध छन् । अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने संघले जनाएको छ ।

# गुल्मीमा अब सातामा एकपटक मात्र हवाइ उडान




गुल्मी । नेपाल वायु सेवा निगमले गुल्मीमा हवाइ उडान तालिका परिवर्तन गरेको छ ।

निगमले यसअघि आइतबार, मङ्गलबार, बिहीबार र शनिबार गरी सातामा चारपटक उडान गर्दै आएकामा अब केही समयका लागि सातामा एकपटक मात्र उडान हुने जनाएको छ ।

रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले विगतमा चारपटक उडान हुँदै आएकामा अब केही समयका लागि बिहीबार एकदिन मात्र उडान गरिने जानकारी दिए ।

निगमका दुई वटा ट्वीनअटर जहाज 'ग्राउण्डेड' भएको र हाल एउटा जहाज मात्र सञ्चालनमा रहेकाले नियमित तालिकामा परिवर्तन गर्नुपरेको उनले बताए ।

प्रतिकूल मौसमका कारण यहाँ करिब डेढ महिनासम्म उडान नियमित हुन सकेको थिएन । खराब मौसम र बाक्लो हुस्सुका कारण जिल्लामा पटकपटक उडान प्रभावित हुने गरेको छ ।

निगमले १८ सिट क्षमताको ट्वीनअटर जहाजबाट काठमाडौँदेखि यहाँ बिहान ६:३० बजे र यहाँबाट काठमाडौँ बिहान ७:३० बजे उडानको तालिका निर्धारण गरेको छ ।

यस्तै, काठमाडौँबाट गुल्मीका लागि सात हजार ५०० र गुल्मीदेखि काठमाडौँका लागि सात हजार ३०० भाडादर निर्धारण गरेको छ ।

निगमले विसं २०८० बैशाख २९ गतेदेखि यहाँ व्यावसायिक रूपमा उडान सुरु गरेको थियो ।

**गणतन्त्र...**

आजको यथास्थिति भोलीको प्रतिगमन हो । यथास्थितिमा रमाउनु भोलीको प्रतिगमनलाई निम्तो गर्नु हो । यो गणतन्त्र निर्विकल्प होइन । अघिको बाटो के हो ? उन्नत लोकतन्त्र या समाजवादको बाटो । त्यसका आधारहरू के के हुन् ? सोच्न आवश्यक छ । प्रतिगमन रोक्नको निम्ति अघिको बाटो तय गर्नुपर्ने हुन्छ । व्यवस्थाका छिद्रहरूलाई ढाकछोप गरेर होइन तिनलाई मेटाएर अघि बढ्न आवश्यक छ ।

यस पुस्तकले गणतन्त्रलाई समृद्ध देखाउन जति मेहनत गरेको छ त्यति नै मेहनत यसका मसिना कमजोरीहरूलाई उजागर गर्नमा गरेको छैन । कमजोरीहरूको आलोचना विना व्यवस्था सुदृढ हुन सक्दैन । कमजोरी सच्याउनु आवश्यक छ । (२०८२ भदौ १४ गते बुटवलमा आयोजित पुस्तकको अन्तरक्रिया कार्यक्रम लेखक तथा कवि सुमिनाले व्यक्त गर्नुभएको विचार सामान्य सम्पादन सहित प्रस्तुत गरिएको छ ।)

**इमानुएल...**

यी आलोचना हुँदैमा वालेस्टाइनको योगदानलाई न्यून मूल्यांकन गर्न सकिंदैन । नेपाल जस्तो देशको अविकासको कारण खोतल्न वालेस्टाइनकाको सिद्धान्तले सहयोग गर्दछ । देशको घरेलु घटनाहरूको अध्ययन पनि विश्व जगतमा भइरहेका परिवर्तनहरूको आलोकमा गरिनुपर्छ । हाम्रो परनिर्भरता र अविकासको विश्लेषण गर्दा इम्मानुयल वालेस्टाइनलाई पन्छाउन सक्दैनौ ।

जिन्दगीको ८८ वर्ष बिताएर वालेस्टाइनसन् २०१९ अगष्ट ३१ गते दैहिक संसारबाट बिदा भए । तर उनको सिद्धान्त तथा विचारले हामीलाई सधैँ उत्प्रेरित गरिरहन्छ ।

**७० वर्षे...**

विधान महाधिवेशनमा प्रस्तावित संशोधन विधानमा केन्द्रीय किमिटी २ सय ५१ सदस्यी हुने भएको छ । प्रस्तुत प्रस्तावित विधान संशोन प्रस्तावमा ३ सय १ सदस्यीय कमिटीलाई घटाएर २ सय ५१ कायम गरिएको छ ।

उपाध्यक्ष विष्णु पौडेलले पेश गरेको संशोधन प्रस्तावका १५ जना पदाधिकारीसहित केन्द्रीय कमिटीको संख्या २ सय ५१ को हुने व्यवस्थालाई अघि सारिएको छ । प्रस्तावित संशोधन विधानलाई यसअघि केन्द्रीय कमिटीले पारित गरिसकेको छ ।

विधानको धारा १६ (२) मा ३ सय १ को केन्द्रीय किमिटीलाई संशोधन गर्दै १५ सदस्यीय पदाधिकारीसहित २ सय ५१ को केन्द्रीय किमिटी हुने प्रस्ताव उपाध्यक्ष पौडेलले गरेका छन् । प्रस्तावमा वरिष्ठ उपाध्यक्षको व्यवस्थालाई हटाइएको छ, भने ६ उपाध्यक्षको संख्यालाई घटाएर ३ मा झारिएको छ । प्रस्तावअनुसार अध्यक्ष १, उपाध्यक्ष ३, महासचिव १, उपमहासचिव ३, सचिव ७ सतिह १५ जना पदाधिकारी रहने गरी प्रस्ताव गरिएको छ । पदाधिकारीमा महिला एक जना अनिवार्य गरिएको छ ।

स्थायी कमिटी र पोलिटव्यूरो सदस्यको संख्या पनि घटाइएको छ । धारा १७ (२) को ४५ सदस्यीय स्थायी कमिटीलाई घटाएर पार्टीका १५ जना पदाधिकारीलाई मात्र स्थायी कमिटीका रुपमा राख्ने प्रस्ताव गरिएको छ, भने ९९ सदस्यीय पोलिटव्यूरोको संख्या घटाएर बढीमा एकतिहाई रहने गरी निर्वाचनमार्फत् पोलिटव्युरोको पूर्ति निर्वाचन प्रक्रियाबाट गरिने प्रस्ताव गरिएको छ ।

एमालेले पार्टी सदस्यलाई दुई प्रकारले गर्ने प्रस्ताव गरेको छ । पार्टीको विधानको धारा ४ को (क) लाई थप गर्दै पार्टी सदस्य र संगठित सदस्य गरेर दुई खाले सदस्यता रहने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ । दुवै सदस्यताका लागि एमालेको नीति विचारलाई समर्थन गर्ने र तोके बमोजिम सदस्यता शुःल्क तिर्न तत्पर व्यक्तिले मात्र अब एमालेको सदस्यताका लागि योग्य हुने व्यवस्था प्रस्ताव गरिएको छ ।

जनताको बहुदलीय जनवाद, पार्टीले लिएका नीतिमा समर्थन जनाउने व्यक्तिलाई साधारण सदस्यता प्रदान गरिने छ । यसको परिक्षणकाल ६ महिनाको राखिएको छ । यस्ता सदस्यहरु पार्टीका सम्बन्धित कमिटीले तोकेको संगठनमा संगठित भई काम गर्नु पर्नेछ । संगठित सदस्यले कुनै न कुनै कमिटीमा अनिवार्य रुपमा आबद्ध भएको हुनु पर्ने व्यवस्था संशोधित विधानमा प्रस्ताव गरिएको छ ।

एमालेले ७ वटा केन्द्रीय निकायमा वृद्धि गरेर ८ पुऱ्याएको छ । केन्द्रीय निकायका रुपमा राष्ट्रिय महाधिवेशन, नीति अधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, केन्द्रीय अनुसाशन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय सल्लाहकार परिषद्लाई राखिएको छ । पोलिटव्युरो र स्थायी कमिटीलाई पनि केन्द्रीय कमिटी मातहत राख्ने गरी संशोधन प्रस्ताव अघि सारेको छ ।

धारा १५ को विधान अधिवेशनलाई अबदेखि नीति अधिवेशनका रुपमा आयोजना गर्ने प्रस्ताव गरिएको छ । संशोधनको प्रस्तावमा पार्टी अध्यक्षको अधिकार थप गरिएको छ ।

धारा २१ (१) (ग) र (घ) मा संशोधन गर्दै पार्टी अध्यक्षले केन्द्रीय निकायहरुको अध्यक्षता गर्ने, केन्द्रीय निकायमा अध्यक्षका हैसियतले राजनीतिक प्रतिवेदन पेश गर्ने कुरा थप गरिएको छ । यसैगरी पार्टीमा केन्द्रीय किमिटी, पोलिटव्युरो र स्थायी कमिटीको बैठकका लागि महासचिवलाई निर्देशन दिने, बैठकमा कार्यसूची प्रस्ताव गर्ने, बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने र बैठकका निर्णय प्रमाणीकरण गर्ने र अन्तरपार्टी निर्देशन जारी गर्ने काम अध्यक्षका लागि थप गर्ने प्रस्ताव गरिएको छ ।

यसअघि पार्टीको शक्तिशाली निकायका रुपमा रहेको सचिवालय र केन्द्रीय कार्यालयको संरचनालाई हटाउने प्रस्ताव गरिएको छ । धारा २१ (४) क र ख मा गरिएको सचिवालय र उपधारा ४ (ङ) मा व्यवस्था गरिएको केन्द्रीय सचिवालय र कार्यालयका कामलाई पार्टी अध्यक्षको निर्देशनमा महासचिवले गर्ने प्रस्ताव गरिएको छ । दुई महाधिवेशनको बिचमा आयोजना गरिने महाधिवेशन प्रतिनिधि परिषद्लाई एक पटक आयोजना गर्ने व्यवस्था गरिएको छ ।

पार्टीका केन्द्रीय निकायका रुपमा रहेका केन्द्रीय आयोगहरु (अनुसाशन/लेखा/निर्वाचन)का अध्यक्षहरुको मर्यादाक्रम पार्टीको पोलिव्युरो सदस्य सरह हुने र आयोगका सदस्यहरुको मर्यादाक्रम केन्द्रीय सदस्य सरह हुने व्यवस्थासहित प्रस्ताव गरिएको छ ।

एमालेले काठमाडौं उपत्याकाका तीन जिल्ला रहेको राजधानी विषेश कमिटीलाई प्रदेश कमिटी सरहको कमिटीका रुपमा प्रस्ताव गरेको छ । प्रदेश मातहत ४ वटा तहगत संरचनाको प्रस्ताव गरिएको छ । बन्दशत्रमा प्रस्तुत विधान संशोधन प्रस्तावमा धारा २८ मा टोल/प्रारम्भिक कमिटी, वडा/शाखा कमिटी, पालिका/इलाका कमिटी, जिल्ला कमिटीका रुपमा रहने व्यवस्था अघि सारिएको छ । यसैगरी राजधानी विशेष कमिटी, सम्पर्क विशेष कमिटीलाई प्रदेश कमिटी सरह र विशेष जिल्ला कमिटी, प्रदेश सम्पर्क विशेष कमिटीलाई जिल्ला कमिटी सरहको कमिटीका रुपमा स्थापित गर्ने व्यवस्था गरिएको छ ।

सबै प्रदेश कमिटीको पदाधिकारीमा एक जना महिलालाई अनिवार्य व्यवस्था गरिएको छ । एमालेले पालिकामा ७५, उप-महानगर ८५, महानगर १०१ सदस्यीय कमिटी गठन गर्ने प्रस्ताव गरेको छ । यसैगरी यो विधान पारित भए एमालेका वडा कमिटी ३१ देखि ५१, टोल कमिटी २१ सदस्यीय हुनेछन् ।

एमालेले हरेक कमिटीको सदस्य वा पदाधिकारीमा उम्मेदवार बन्नका लागि माथिल्लो कमिटीको स्कूल विभागले आयोजना गरेको प्रशिक्षण कार्यक्रममा सहभागी भएको हुनुपर्ने व्यवस्था गरेको छ । धारा ६३ (१२) मा संशोधन प्रस्ताव गर्दै एमालेले हरेक नेतालाई पार्टीको नीतिसँग साक्षात्कार हुनुपर्ने नीतिलाई कार्यान्वय गर्न यस्तो व्यवस्था गरिएको उपाध्यक्ष पौडेलले बताए । यद्यपि जुन व्यक्ति अहिले रहेको विद्यमान कमिटीको पदका लागि उम्मेरदवार हुन चाहेको खण्डमा प्रशिक्षणमा सहभागी बनेको प्रमाण आवश्यक पर्ने छैन ।

सबै तहको कमिटीमा निर्वाचित हुन ७० वर्षे उमेर हदको व्यवस्थालाई हटाउने प्रस्ताव अघि सारिएको छ । पहिलो विधान महाधिवेशनबाट धारा ६४ मा गरिएको उक्त व्यवस्थालाई २०८० बैशाख २८ देखि ३० गतेसम्म बसेको पाँचौं केन्द्रीय कमिटीको बैठकले निस्क्रिय गरेको उक्त व्यवस्थालाई विधानबाटै हटाउने प्रस्ताव महाधिवेशनमा गरिएको छ ।

बन्दशत्रमा उपाध्यक्ष पौडेलले गरेको विधान संशोधन प्रस्तावमा पार्टीका बैठकको समयमा हेरफेर गरिएको छ । धारा ७० मा केन्द्रीय कमिटी बैठक ६ महिनामा, प्रदेश कमिटी ४ महिना, जिल्ला कमिटी ३ महिना, पालिका कमिटी २ महिना र वडा कमिटी एक महिनामा बस्ने गरी समय निर्धारण गरिएको छ ।

**विद्या...**

यहाँहरूको उपयुक्त सल्लाह, सुझाव पनि अपेक्षा गरेको छु,' भण्डारीले थप भनेकी छिन्-'नेकपा एमालेको काँधमा देशको ठूलो जिम्मेवारी छ ।

त्यो पूरा गर्न यहाँहरू भावनात्मक र संगठनात्मक हिसाबले अघि बढ्नुस् । म पनि सधैँ यहाँहरूकै साथमा हुनेछु ।'

नेकपा एमालेको सचिवालय बैठकले पार्टी सदस्य नरहेको व्यक्ति विधान अधिवेशनमा सहभागी हुन नसक्ने निर्णय गरेको थियो । बिहीबार साँझ बसेको सचिवालय बैठकले पार्टीले कसलाई सदस्यता दिने वा नदिने भन्ने विषय केन्द्रीय कमिटीको अधिकार क्षेत्रभित्र पर्ने र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण नभएको अवस्थामा विधान अधिवेसनमा एजेण्डा पनि बन्न नसक्ने बताएको थियो ।

हार्दिक समवेदना



जन्मः
वि.स. २०१३
/०८/०८ गते

स्वर्गारोहणः
वि.सं. २०८२
/०५/१० गते

**स्व. हीराकला भण्डारी (क्षेत्री)**

बाग्लुङ जिल्ला हुम्दीशिर गा.पा.-१, काफलबोट हाल तिलोत्तमा नगरपालिका वडा नं. ४ विष्णुपुर मनकामना पथ निवासी हाम्रा आत्मिय मित्र एवम् सामाजिक व्यक्तित्व रन बहादुर भण्डारी (क्षेत्री)को ममतामयी माता, बुहारी कल्पना भण्डारी(क्षेत्री)को सासुआमा, छोरीहरु विष्णु क्षेत्री र धना कार्कीको आमा **हीराकला भण्डारी (क्षेत्री)**को मिति २०८२ भदौं १० गते ६९ वर्षको उमेरमा भएको असामयिक निधनको खबरले हामी अत्यन्त मर्माहित भएका छौं । अतः शोकको यस दुःखद घडी ब्रह्मलिन आत्मको चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

- हरि बहादुर क्षेत्री ( ति.न.पा-४, वडाअध्यक्ष)
- राजु क्षेत्री (धौलागिरी स्टार कोल्ड स्टोर
- हरिलाल अर्याल (काईला बा)
- विशाल बेल्बासे (प्रो. मनकामना राईस मिल)
- थम्मन बहादुर भण्डारी (क्षेत्री) बुटवल
- ईश्वरी अधिकारी
- हरि खत्री
- तिलक महत
- अर्जुन अर्याल

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

बाँकी पुष्ठ ४ मा

# जनप्रतिनिधिलाई तलब दिँदा विकृति भयो : यादव

*नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका-६ सनइमा जन्मेका धरेन्द्र यादव मधेशी जनाधिकार फोरम हुँदै अहिले जनता समाजवादी पार्टी नेपाल नवलपरासीको जिल्ला अध्यक्ष छन् । नेपाल सद्भावना पार्टीबाट राजनीतिमा प्रवेश गरेका उनी भैरहवा क्याम्पस पढ्दै मधेश आन्दोलनपछि सकृया राजनीतिमा लागेका हुन् । ४१ वर्षीय यादव २०६७ देखि नवलपरासीमा जनता समाजवादी पार्टी नेपालको लगातार चार कार्यकाल अध्यक्ष छन् । पाल्हीनन्दन गाउँपालिकाको अध्यक्षमा दुई पटक पार्टीबाट उम्मेदवार बनेका यादव संविधानसभा निर्वाचन र प्रदेशसभा सदस्यमा समेत उम्मेदवार थिए । तर सबै निर्वाचनमा सफलता भने पाउन सकेका छैनन् । उनीसँग दैनिक लुम्बिनीका लागि नवलपरासीबाट केशव पराजुलीले गरेको कुराकानीः*



धरेन्द्र यादव
अध्यक्ष
जनता समाजवादी पार्टी नेपाल नवलपरासी

**» संघीय लोकतान्त्रिक मोर्चाको आन्दोलनलाई कसरी अगाडि बढाउनु भएको छ ?**

- नवलपरासी जिल्लामा मधेश केन्द्रित चार राजनीतिक दल मिलेर हामीले संघीय लोकतान्त्रिक मोर्चाको गठन गरेका छौं । हामीले जिल्लाका केही समस्या र केन्द्रले निर्देशन गरेका कार्यक्रम जिल्लामा गर्दै आएका छौं । सरकारले हाम्रो पार्टीका अध्यक्षलाई गौर घटनाको मुद्दा लगाएर अहिले अदालतबाट जारी भएको परमादेश र सरकारले ल्याएको भूमि विधेयकका बारेमा जनतालाई जागृत गर्ने र त्यसको विरोध गर्ने काम गर्दै आएका छौं । जिल्लामा उखु, केराले बजार नपाएको र मलखाद र बिउबिजन नपाएर जनता समस्यामा परेको हुँदा जनताका समस्यालाई उठाएर पूरा गराउने काम गर्दै आएका छौं

**» गौर घटनाको त विरोध गर्नु भएको छ । मधेश आन्दोलनमा यस जिल्लाका कतिपय तपाईंका कार्यकर्तामाथि पनि मुद्दा लागेको थियो । ति मुद्दा के भए ?**

- मधेश आन्दोलनका क्रममा १० जना कार्यकर्तालाई ८ वर्षसम्म मुद्दा चलेको थियो । मधेश आन्दोलनका क्रममा प्रशासनले झुट्टा मुद्दा लगाएको थियो । १० जना कार्यकतालाई लगाएका मुद्दा राज्यले फिर्ता लिएको छ ।

**» खुल्ला सिमानाका कारण कस्तो समस्या पाउनु भएको छ ?**

- जिल्लामा खुल्ला सिमाना भएका कारण र नेपालका बजारमा भन्दा भारतीय बजारमा केही सस्तोमा समान पाइने हुँदा सीमा क्षेत्रका स्थानीय भारतीय बजारमा निर्भर पनि छन् । नेपाल र भारतको सदीयौंदेखिको रोटीबेटीको सम्बन्ध भएका कारण भारत र नेपालको सम्बन्ध सुमधुर छ । अर्कोतर्फ कतिपय बेरोजगारीका कारण पनि भारतमा गएर नेपालमा समान ल्याउने र गुजरा चलाउने समुदाय पनि सीमा क्षेत्रमा छन् । नेपालमा खेतीको सिजनमा मलखाद, बिउबिजन नपाइने समस्याका कारण किसानहरुले भारतबाट मलखाद, बिउबिजन ल्याउने गर्दछन् । त्यसका लागि चेकजाँच गरेर ल्याउन दिने गरेको छ । तर त्यसैका नाममा बदमासी गर्नेहरु पनि नभएका होइनन् । तसर्थ त्यस्ता व्यक्तिको निगरानी गर्नु जरुरी पनि हुन्छ । हामी राजनीति गर्नेहरु पनि तस्करी गर्नेको सिफारिस लिएर प्रहरी, प्रशासनमा कहिल्यै जादैनौ र जानु पनि हुँदैन । खुल्ला सिमाना भएका कारण कतिपय गतिविधिलाई प्रशासनले निगरानी गर्नु पनि जरुरी हुन्छ ।

**» नवलपरासी पश्चिममा धेरै उद्योग सञ्चालनमा छन् । ती उद्योगहरुमा यहाँका बेरोजगार युवालाई रोगजारी नदिइएकोगुनासो छ । तपाईंहरुले पहल गर्नु भएको छैन ?**

- हामीले प्रयास नगरेको होइन । धैरै प्रयास गर्दा पनि यहाँका उद्योगीहरुले भारतबाट सस्तो तलबमा कामदार ल्याउने गरेका छन् । अधिकांश उद्योगमा भारतीय कामदार छन् । भारतबाट भएन भने अन्य जिल्लाबाट कामदार ल्याएर सस्तोमा काम गराउने गर्दै आएका छन् । स्थानीयलाई राख्दा नेपाल सरकारले तोकेको तलब स्केल दिनु पर्ने भएका कारण पनि स्थानीयलाई काम गर्ने अवसर दिँदैनन् । अझ आफ्ना मानिसहरुलाई ठेक्कामा लेवर ल्याउने परिपाटी छ । यसको अन्य हुनु जरुरी छ ।

**» यस क्षेत्रमा रहेका उद्योगले सामाजिक उत्तरदायित्वअन्तरगतका कृयाकलाप पनि नगर्ने, फोहर व्यवस्थापन नगर्ने र उद्योगले गाडेका पानी तान्ने बोरिङका कारण पानीको समस्या देखिएको प्रति तपाईंहरुले चासो नदिएको आरोप छ नि ?**

- त्यस्तो होइन । त्यसका लागि हामीले धैरै प्रयास पनि गरेको हो । हामीले आन्दोलन पनि गरेका हौं । हाम्रो आन्दोलनलाई यहाँका सञ्चारकर्मीले राम्रो साथ दिएका हुन् । तर उद्योग केन्द्रमै केन्द्रित भएका कारण पनि धैरै समस्या भएको छ । यहाँका स्थानीयवासी यस क्षेत्रमा उद्योग स्थापना हुँदा धैरै खुसी भएर आफ्नो जग्गा समेत सस्तोमा दिए । तर अहिले आएर उद्योगले गरेको प्रदूषण, प्रदूषित पानीबाट पशुहरुको मृत्यृ हुने समस्याले स्थानीय समस्यामा रहेका छन् । उद्योगले गरेको प्रदूषण र धैरै गाउँमा अहिले आएर पानीको समस्या देखिएको छ । तसर्थ स्थानीय सरकारले यसतर्फ ध्यान दिनु जरुरी छ ।

**» गाउँ-गाउँमा स्थानीय सरकारको उपस्थिति रहेको छ, स्थानीय सरकारको कामको तपाईंले कसरी मूल्याङ्कन गर्नु भएको छ ?**

- वास्तवमा देशमा परिवर्तन संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि भएको छ । तर हामीले चाहे जस्तो संघीयता आएको छैन । अहिले तीन तहको सरकार छ । तीन वटै सरकारका आ-आफ्नै कानुन छन् । स्थानीय सरकारलाई प्रदेश र संघले सीमित अधिकार दिएको छ । अधिकार दिन चाहँदैन । अधिकार विनाको सरकारको कुनै अर्थ हुँदैन । अहिले जुन जनप्रतिनिधिलाई तलबी कर्मचारी जस्तो बनाउँदा विकृति ल्याएको छ । जनताको सेवा गर्न जानेलाई तलब दिनुले राजनीतिमा विकृति श्रृजना गराएको छ । यसको अन्त्य आवश्यक छ । अहिले तीनवटै सरकारमा बिचौलिया व्यापारीको हालीमुहाली छ । व्यापारी नै जनप्रतिनिधि भएका कारण कमाउने कसरी भन्ने चिन्ता भएका कारण संघीय लोकतान्त्रिक गणतन्त्रप्रति जनताको निरासा रहेको छ । भष्ट्राचार, बेरुजु, अनियमितता बढेको छ । यसको अन्त्य अहिलेको आवश्यक्ता हो ।

**» स्थानीय सरकार आएपछि शिक्षा, स्वास्थ्य, विकास निर्माण र बेरोजगारी समस्यामा कमी आएको भनिन्छ । तपाईंले कस्तो अनुभूति गर्नु भएको छ ?**

- स्थानीयस्तरमा धैरै काम गर्न सकिन्थ्यो । तर हुन सकेको छैन । अहिले पनि शिक्षामा प्रगति हुन सकेको छैन । विषयगत शिक्षकको अभाव रहेको छ । दरबन्दी अनुरुप विद्यालयमा शिक्षक छैनन् । अंग्रेजी, गणित, विज्ञान जस्ता विषय पढाउने शिक्षकको कमी छ । विद्यालय व्यवस्थापन समिति गठन प्रकृया समेत बेठिक छ । त्यसलाई सुधार गर्नु जरुरी छ । स्थानीयतहका पालिका प्रमुखले तोकेर विद्यालय व्यवस्थापन समिति बनाउने कार्य तत्काल सुधार गर्न जरुरी छ । स्थानीय तहहरुले बेरोगारलाई काम गर्न लोकसेवा कक्षालगायतका शिक्षा प्रदान गर्नु जरुरी छ । शिक्षा र स्वास्थ्यमा सुधार नभएसम्म स्थानीयको जीवनस्तर माथि उठाउन सकिंदैन । जिल्लामा एउटा मात्र पाल्ही क्याम्पस रहेको छ, यसको विकास र विस्तारका लागि यस क्षेत्रका सबैको सहयोग आवश्यक छ । पाल्ही क्याम्पसमा ग्रामीण क्षेत्रमा विद्यार्थी र छोरी, बुहारी अध्ययन गर्न आउने भएका कारण पनि यसको विकास र गुणस्तरीय शिक्षा प्रदान गर्न जरुरी छ । पश्चिम नवलपरासीमा रहेका सातवटै पालिकाले किसानलाई हेरेर आफ्नो बजेट निर्माण गर्न जरुरी छ । कृषिमा मलखाद, बिउबिजन र सिँचाइलाई प्राथमिकतामा राखेर अगाडि बढ्न जरुरी छ । स्थानीय तहले यसतर्फ ध्यान दिन जरूरी छ ।

# व्यापार संघ सालझण्डीको अध्यक्षमा शाक्य

बुटवल । रुपन्देही व्यापार संघ सालझण्डी शाखाको १९औं साधारणसभा तथा १२ अधिवेशन सर्वसम्मत नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ ।

अधिवशेनले तारा शाक्यको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । जसमा उपाध्यक्ष भुवानसिंह बराल, सचिवमा प्रेरणाचन्द मल्ल, कोषाध्यक्षमा नवराज खनाल तथा सह-सचिवमा रामु पाण्डे रहेका छन् भने सदस्यहरुमा उमेश घिमिरे, ऋषिराम सापकोटा, नारायण थापा र नारायणी घर्तीमगर रहेका छन् ।

अधिवेशनको एक समारोहकाबिच रुपन्देही व्यापार संघका निर्वमान अध्यक्ष कृष्णप्रसाद घिमिरेले उद्घाटन गरेका थिए । सो अवसरमा बोल्दै प्रमुख अतिथि घिमिरेले अर्थतन्त्रमा देखिएको मन्दी र व्यवसायमा आएका समस्याहरुलाई सहजीकरण गर्दै व्यवसायिक एकतामा जोड दिएका थिए ।

उनले साना व्यवसायीहरुको समस्या बोल्ने संस्थाहरुको कमी भएको बताउँदै व्यापार संघ सधैं व्यवसायीहरुका साथमा रहँदै आएको जिकिर गरे ।

कार्यक्रममा रुपन्देही व्यापार संघका कार्यबहाक अध्यक्ष प्रकाश ढकालले व्यवसायमा दिनहुँ बढ्दै गएको असुरक्षा र चुनौतीहरुलाई हटाउन राज्यले अग्रसरता लिनु पर्ने कुरामा जोड दिए ।

कार्यक्रममा रुपन्देही व्यापार संघका सल्लाहकार खिमानन्द पोखरेल, रुपन्देही व्यापार संघका कार्यसमिति सदस्य तथा शाखा इञ्चार्ज कुलबहादुर विसी, सैनामैना नगरपालिका वडा नं. १० का वडा अध्यक्ष कृष्णप्रसाद घिमिरे, सैनामैना नगरपालिका वडा नं. ११ का वडा सदस्य ज्ञानबहादुर विष्ट, सैनामैना सुनचाँदी व्यवसायी संघका नगर अध्यक्ष निर्मलकुमार विश्वकर्मालगायत बोलेका थिए ।

कार्यक्रम शाखा अध्यक्ष ताराबहादुर वमरेलको अध्यक्षता, शाखा सचिव प्रेरणाचन्द मल्लको सञ्चालन तथा शाखा उपाध्यक्ष शुसिला अर्यालको स्वागतमा भएको थियो ।

# हरियाली यातायातको सातौं साधारणसभा



बुटवल । हरियाली यातायात प्रालिको सातौं वार्षिक साधारणसभा शुक्रबार बुटवलमा सम्पन्न भएको छ । साधारणसभाको उद्घाटन रिक्सा व्यवसायी संघ तथा रिक्साधनी चालक भलाई कोषका पूर्व अध्यक्ष इन्द्रध्वज मल्लले गरेका थिए ।

उद्घाटन कार्यक्रममा मल्लले व्यवसायी तथा चालकहरूको हकहित संरक्षणमा संस्थाले अझ अभिभावकीय भूमिका खेल्नुपर्नेमा जोड दिए । उनले दुर्घटनाको जोखिम न्यूनीकरण र समस्याको समाधानमा संस्थाले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्दै सबै व्यवसायीलाई संस्थामा आबद्ध भई नियम-अनुशासन पालना गर्दै व्यवसाय अघि बढाउन आग्रह गरे ।

संस्थाका अध्यक्ष कृष्णप्रसाद तिवारीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी योजना सार्वजनिक गरे । उनले बुटवल उप-महानगरपालिकाले ई-रिक्सा व्यवस्थापनमा समन्वय नगरी एकलौटी ढंगले अघि बढ्दा समस्या झन् बढेको बताए । हाल दर्ता गरिएको संख्याभन्दा दोब्बर ई-रिक्सा सञ्चालनमा रहेकाले दुर्घटनाको जोखिम बढेको उनको भनाइ थियो । उनले लामो समयदेखि दर्ता भई नियमअनुसार व्यवसाय गरिरहेका सञ्चालकलाई समस्यामा पारिएको उल्लेख गरे ।

अध्यक्ष तिवारीका अनुसार प्रालिले यात्रुका छुटेका लाखौं रुपैयाँ बराबरका बहुमूल्य सामान तथा नगद सम्बन्धित व्यक्तिलाई खोजेर बुझाउँदै आएको छ ।

कोषाध्यक्ष प्रज्ज्वल शेखर बज्राचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गरे, जसलाई साधारणसभाले सर्वसम्मतिले पारित गरेको थियो । यस्तै सञ्चालक गोपालप्रसाद रिजालले सरकारले अनिवार्य गरेको इम्बोस्ड नम्बर प्लेटका विषयमा ध्यानाकर्षण गराउँदै हाल बुटवलमा नारायणी र राप्ती अञ्चलका थुप्रै ई-रिक्सा सञ्चालन भइरहेकोले लुम्बिनी अञ्चलमार्फत् व्यवस्थापन गर्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा सञ्चालक देवानन्द चापागाईं, सल्लाहकार कृष्णबहादुर कार्कीलगायतले पनि आ-आफ्नो धारणा राखेका थिए । सो अवसरमा पूर्व व्यवस्थापक कमल पोखरेललाई सम्मानसहित बिदाई गरिएको थियो ।

कार्यक्रम सदस्य नेत्रप्रसाद गैरेको स्वागत र कोषाध्यक्ष प्रज्ज्वल शेखर बज्राचार्यको सञ्चालनमा सम्पन्न भएको थियो । हाल हरियाली यातायात प्रालिमा ३ सयभन्दा बढी व्यवसायी आबद्ध छन् ।

# रक्तसञ्चार केन्द्रमा छैन रगत वर्गीकरण गर्ने मेसिन

तुलसीपुर । तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालको प्राङ्गणमा रहेको रक्त सञ्चार केन्द्रमा रगत वर्गीकरण गर्ने मेसिन छैन । विसं २०७४ देखि सञ्चालित कालिकादेवी रक्त सञ्चार केन्द्रमा अझै पनि रगत वर्गीकरण गर्ने (कम्पोनेन्ट मेसिन) नहुँदा रगत वर्गीकरणमा समस्या भएको छ ।

रक्त सञ्चार केन्द्रका इञ्चार्ज नरेश चौधरीका अनुसार अहिले फ्रिजमात्र छ, रगत वर्गीकरण गर्ने कम्पोनेन्ट मेसिन छैन । कसैलाई सेतो रक्तकोषिका चाहिएको हुन्छ, त्यसका लागि कि त घोराहीबाट कि त नेपालगञ्जबाट ल्याउनुपर्ने हुन्छ । अहिले पनि महिनामा २० जनाभन्दा बढीलाई सेतो रक्तकोषिका चाहिने गरेको छ, तर त्यो रगत नहुँदा कुनै बिरामीलाई 'होलब्लड' नै दिने गरिएको छ । अतिआवश्यक परेमा घोराहीबाट ल्याउने गरिएको छ ।

मेसिन भएमा रातो रक्तकोष, सेतो रक्तकोष, प्लेटलेट रगत छुट्याएर जुन बिरामीलाई आवश्यक पर्छ, त्यसैलाई दिन सकिने चौधरीले बताए । माग भइरहे पनि उक्त मेसिन नहुँदा समस्या हुने गरेको उनको भनाइ छ । हाल कम्पोनेन्ट मेसिन घोराहीमा मात्र छ । रेडक्रसले घोराहीमा सञ्चालन गरेको रक्त सञ्चार केन्द्रमा मात्र कम्पोनेन्ट मेसिन छ । प्रदेश सरकार र घोराही उपमहानगरपालिकाको सहयोगमा रु ३५ लाखमा उक्त मेसिन ल्याइएको हो । हाल जिल्लामा सोही मेसिनबाट नै काम चलाउने गरिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाका अधिकृत विश्राम अधिकारीले जानकारी दिए ।

उनले भने-"अहिले घोराहीमा त मेसिन छ, तर त्यो पनि बिग्रियो भने कि त बुटबल जानुपर्छ कि भने नेपालगञ्ज जानुपर्छ । अहिले कम्पोनेन्ट मेसिन नभएकै कारण धेरै बिरामी जिल्लाबाट रेफर गर्नुपर्ने अवस्था छ ।"


## शिवराज नगरपालिकाको अनुरोध

गर्मी तथा वर्षायाममाको समयमा सचेत रहौं

गर्मी समयमा विभिन्न जातका किरा, फटयांग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरि देखिने र टोक्ने / डस्ने भएकोले सचेत हुँदै सुरक्षित रहन निम्न कुराहरूमा ध्यान दिउँ ।

- घर कोठा, आँगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं ।
- आफू सुत्ने विस्तारा सधै टक्टक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरौं ।
- घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरी वा बन्द गरौं ।
- अध्याँरोमा नहिडौं । अति आवश्यक परे टृच लाइट बालेर हिडौं ।
- खेत आलीको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरौं ।
- बालबालिकालाई खेल्ने आँगन, मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाऔं ।
- किरा फट्यांग्रा तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं । घरायसी झारफुक, धामीझाँक्रीको अन्धविश्वासमा नपरौं ।

अनुरोधक :
शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## विजयनगर गाउँपालिकाको अनुरोध

- बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं :
- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं

अनुरोधक :
विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## कृष्णनगर नगरपालिकाको अनुरोध

गर्मी तथा वर्षायाममाको समयमा सचेत रहौं

गर्मी समयमा विभिन्न जातका किरा, फटयांग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरि देखिने र टोक्ने / डस्ने भएकोले सचेत हुँदै सुरक्षित रहन निम्न कुराहरूमा ध्यान दिउँ ।

- घर कोठा, आँगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं ।
- आफू सुत्ने विस्तारा सधै टक्टक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरौं ।
- घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरी वा बन्द गरौं ।
- अध्याँरोमा नहिडौं । अति आवश्यक परे टृच लाइट बालेर हिडौं ।
- खेत आलीको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरौं ।
- बालबालिकालाई खेल्ने आँगन, मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाऔं ।
- किरा फट्यांग्रा तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं । घरायसी झारफुक, धामीझाँक्रीको अन्धविश्वासमा नपरौं ।

अनुरोधक :
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## भन्सार कार्यालय कृष्णनगरद्वारा जारी सन्देश ॥

१.भन्सार कार्यलयलाई गुनासो होइन, विश्वासको केन्द्र बनाऔं ।
२.व्यापारिक मर्यादा पालन गरौं, कानुनअनुसार भन्सार प्रक्रिया पुरा गरौं ।
३. सुन, लागूऔषध वा प्रतिबन्धित वस्तुको आयात राष्ट्रघाती काम हो, सजग बनौं ।
४.अनधिकृत रूपमा ल्याइएका वस्तु मात्र होइन, इज्जत पनि गुम्न सक्छ – सचेत बनौं ।
५. सामान आयात गर्दा भन्सार तिर्नु आफ्नो कर्तव्य हो, इमान्दार नागरिक बनौं ।
६. भन्सार नतिरी सामान छिराउने कार्यले राष्ट्रलाई घाटा पुऱ्याउँछ, यस्तो प्रवृत्ति त्यागौं ।
७. सही बिल, सही मूल्य र सही प्रक्रिया अपनाऔं – कानुनी रूपमा व्यापार गरौं ।
८. भन्सार छल्ने होइन, राष्ट्रसँग सहकार्य गर्ने नागरिक बनौं ।
९. आफ्नो कर्तव्य पूरा गर्दै भ्रष्टाचारविरुद्ध एक कदम अघि बढाऔं ।

भन्सार कार्यालय
कृष्णनगर, कपिलवस्तु

## आन्तरिक राजस्व कार्यालय कृष्णनगरद्वारा जारी सन्देश ॥

१. कर तिर्ने संस्कार बनाऔं, इमानदार नागरिकको परिचय दिऔं ।
२. साँचो आम्दानी खुलाऔं, पारदर्शिता अपनाऔं ।
३. नक्कली बिलको प्रयोग रोकौं, सत्य कारोबार गरौं ।
४. व्यवसाय दर्ता समयमै गरौं, कर प्रक्रिया सहज बनाऔं ।
५. भ्याट बिल काट्ने र दिने दुवैले दायित्व निभाऔं ।
६. छोटो बाटो होइन, कानुनी बाटो अपनाऔं ।
७. कर प्रणालीमा विश्वास बढाऔं, सेवाको स्तर उकासौं ।
८. इमानदार करदाता बनौं, सुसंस्कृत समाज बनाऔं ।
९. आन्तरिक राजस्वसँग सहकार्य गरौं, पारदर्शी प्रशासन बनाऔं ।
१०. राष्ट्र निर्माणमा करको महत्व बुझौं, समयमै तिरेर उदाहरणीय बनौं ।

आन्तरिक राजस्व कार्यालय
कृष्णनगर, कपिलवस्तु

## विद्युत वितरण केन्द्र कृष्णनगरद्वारा जारी सन्देश !!

१. बिल समयमा तिर्नुहोस जरिवाना लाग्नबाट जोगिनुहोस ।
२. अवैध लाइन जडान नगर्नुहोस्, यो कानुनतः अपराध हो ।
३.बिजुलीको पोलमुनी वा ट्रान्सफर्मर आसपासमा बच्चाहरूलाई खेल्न नदिनुहोस् ।
४. लाइनमा समस्या देखिएमा आफै हात नलगाई तुरुन्त हाम्रो कार्यालयमा सम्पर्क गर्नुहोस् ।
५. विद्युत् प्रयोगमा मितव्ययी बनौं, राष्ट्रको ऊर्जा बचत गरौं ।
६. मिटर छेडछाड नगर्नुहोस्, नियम उल्लङ्घन गम्भीर अपराध हो ।
७. झिलिमिली बत्ती होइन, सचेत उपयोग गरौं - लोड सेडिङ हटाऔं ।
८. हावाहुरी वा वर्षातमा पोल ढलेमा तुरुन्त नजिकको विद्युत कार्यालय वा ११८ मा खबर गर्नुहोस् ।
९. घर निर्माण गर्दा नजिकैका लाइन र पोलको दूरीको ख्याल राखौं ।
१०. विद्युत् सम्बन्धी गुनासो, सुझाव , सेवा वा अनुरोध भयमा हाम्रो हेल्पलाइन सधैं खुला रहनेछ ।
- तपाईंको सन्तुष्टि हाम्रो प्राथमिकता

विद्युत वितरण केन्द्र
कृष्णनगर, कपिलवस्तु

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com